फरवार्ड सन्देश

त्रैमासिक बुलेटिन २०७९ माघ-चैत्र वर्ष १६ अङ्क ४

Global Money Week को अवसरमा वित्तीय साक्षरता सम्बन्धी सातावाप्पी कार्यक्रमका झलकहरु

FORWARD फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Microfinance Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत-पत्र प्राप्त वित्तीय संस्था-(राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय : ढुहबी-२, सुनसरी

फोन नं.: ०२५-५४००१८, **फ्याक्स नं.** ०२५-५४१४८३

सम्पर्क कार्यालय: इमाडोल, महालक्ष्मी नगरपालिका-४, ललितपुर

फोन नं.: ०१-४११२१६२, **फ्याक्स नं.** ०१-४११२३१५

ईमेल : info@forwardmfbank.org.np

लघुवित्त कार्यक्रम समस्या र समाधान विषयक गोष्ठी सम्पन्न

फरवार्ड माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालयको आयोजनामा वित्तीय संस्थाका शाखाप्रमुखहरुको दुई दिने गोष्ठी २०७९ फागुनमा पोखरामा सम्पन्न भएको छ। **बदलिएको परिस्थितिमा सोच बदलिदै गुणस्तरीय सेवाको लागि अगाडि बढौं** भन्ने नारालाई सार्थक बनाउन पोखरामा कर्मचारीहरुको गोष्ठी आयोजना गरिएको हो । कार्यक्रममा सात बुंदे संकल्प तथा प्रतिबद्धता पारित गरिएको थियो ।

वित्तीय संस्थाका सञ्चालक आशुतोष शर्माले शाखाप्रमुख भनेको शाखाको अभिभावक भएकोले मातहतका कर्मचारीहरुलाई परिचालन गर्ने, गुणस्तर बढाउने र समयमा रिपोटिङ्ग गर्ने र कार्यक्रम सफल बनाउनको लागि पुलको काम गर्नु पर्ने धारणा व्यक्त गर्नुभएको थियो । वित्तीय संस्थालाई कम नाफाले भन्दा खराब कर्जाले नकारात्मक असर पार्ने भएकाले यसलाई २ प्रतिशतभन्दा मुनि राख्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो ।

वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत रामदयाल राजवंशीले शाखाप्रमुखहरुले स्थानीय निकायका पदाधिकारीहरुलाई लघुवित्त सम्बन्धी छलफलमा सहभागी गराई वित्तीय साक्षरता बढाउनुपर्ने धारणा राख्नुभएको थियो। उक्त गोष्ठीमा सञ्चालक सदस्य जगतजङ्ग जि.सी.ले कर्मचारीको गुणस्तरीय सेवाले सेवाग्राही त लाभान्वित हुन्छन् नै अन्ततः वित्तीय संस्थाका सबै पक्ष लाभान्वित हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

अर्का सञ्चालक सदस्य बलराम चौधरीले संस्थाको मौद्रिक तरलता व्यवस्थापन तथा खराब कर्जाको समस्या समाधान कसरी गर्न सकिन्छ सोका लागि कार्यालय प्रमुखले संस्थाको माथिल्लो कार्यालयसँग समन्वय गरेर अघि बढ्न सुझाव दिनुभएको थियो । पूर्व प्रमुख कार्यकारी अधिकृत आशनारायण चौधरीले कर्मचारी समस्या देखेर भाग्ने होइन जुध्ने हो भन्दै सोको समाधान गर्न, कुशल नेतृत्वको विकास गर्न उच्च व्यवस्थापनले समयमा निर्देशन गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो ।

गोष्ठीमा वित्तीय संस्थाका नायव प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद भट्टराईले शाखा कार्यालयमा देखिएका कमीकमजोरीलाई बुँदागत रुपमा प्रस्तुत गर्दै सोको समाधानका उपायका बारेमा धारणा व्यक्त गर्नुभएको थियो । शाखा प्रमुखहरुको तर्फबाट शाखाप्रमुख दीपक शाही तथा उर्मिला थन्दारले गोष्ठीले शाखाप्रमुखहरुमा कर्तव्य निर्वाह गर्न थप ऊर्जा प्रदान गरेको धारणा व्यक्त गर्नुभएको थियो ।

गोष्ठीमा वित्तीय संस्थाको केन्द्रीय कार्यालयका विभागीय प्रमुखहरु तथा अधिकृत कर्मचारीहरु, प्रादेशिक कार्यालयका प्रमुखका साथै सबै शाखाप्रमुखहरुको उपस्थिति रहेको थियो ।

लघुवित्त गरिबको बैंक हो

लघुवित्त संस्थाहरु कसरी सञ्चालन भइरहेका छन् ?

लघुवित्त गरिबहरुको बैंक हो । लघुवित्त बैंकहरुले सुकुम्बासी, विपन्न परिवारका झुप्रोमा बस्ने परिवारका महिला सदस्यहरुलाई सहज तरिकाले घरदैलोमा वित्तीय सेवा प्रदान गर्दछ ।

यसले मुख्यतः बिना धितो ससाना कर्जा प्रदान गर्दछ, जसले गर्दा उनीहरु आय आर्जनमा संलग्न होऊन् र उनीहरुको आम्दानी बढोस्, जसबाट बालबच्चाहरुलाई गुणस्तरीय शिक्षा र उपचार प्रदान गर्न सकून् ।

यसका अलावा उनीहरुको धेरथोर आम्दानी बचत गरिदिएर उनीहरुलाई बचत गर्ने बानी बसाल्न लघुवित्त संस्थाहरुले भूमिका खेल्दछ । त्यो बचत उनीहरुको आपतविपतमा झिकेर आफ्ना समस्या टार्न सक्दछन् । यसका साथै बिमा कम्पनीहरुसँग समन्वय गरी उनीहरुको कर्जाको बिमा गर्न पनि लघुवित्त संस्थाहरुले भूमिका खेलिरहेको छ ।

बैंकहरु जस्तै बैंकवित्तीय संस्थासम्बन्धी ऐनअन्तर्गत् नै लघुवित्त संस्थाहरु दर्ता हुन्छन् । यसलाई नेपाल राष्ट्र बैंकले इजाजत प्रदान गर्छ । नेपाल राष्ट्र बैंकले सघन रुपमा मासिक, त्रैमासिक तथा वार्षिक रुपमा स्थलगत तथा गैरस्थलगत रुपमा बैंकहरुको जस्तै लघुवित्त संस्थाहरुको पनि सुपरीवेक्षणका माध्यमबाट नियमन गरिरहेको हुन्छ । त्यसैले कुनै पनि लघुवित्त संस्थाहरुले कानुनभन्दा बाहिर गएर काम गर्न सक्दैन ।

३०-४० वर्षदेखि नेपालमा लघुवित्त कार्यक्रम सञ्चालन भइरहेको छ । यसभन्दा पहिले गाउँका विपन्न वर्गका मानिसहरुले आफ्नो आवश्यकता पूरा गर्न चर्को ब्याजमा अर्थात् गाउँघरको भाषामा भन्ने हो भने मिटर ब्याजमा साहुमहाजनबाट कर्जा लिन बाध्य थिए । लघुवित्त संस्थाहरुको आगमनले यो समस्या केही हदसम्म समाधान हुन सकेको छ । लघवित्त संस्थाका ९० प्रतिशत ग्राहक सदस्यहरु महिला छन् । महिलाहरुको हातमा पैसा पुगेकाले उनीहरु स्वयं व्यवसायी भएर आयआर्जनमा सहभागी भएका छन् । परिवारको सक्रिय सदस्यका रुपमा आफूलाई चिनाउन महिलाहरु सक्षम भएका छन् । उनीहरुको नेतृत्व विकास पनि भइरहेको छ ।

रामदयाल राजवंशी, प्रमुख कार्यकारी अधिकृत
फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.

लघुवित्तले लिने ब्याजदर चर्को भयो भन्ने कुराको वास्तविकता के हो ?

ब्याजदर चर्को भन्ने कुरा असत्य हो । अहिले लघुवित्त संस्थाले कर्जामा वार्षिक १५ प्रतिशत ब्याज लिइरहेको छ । बाणिज्य बैंकहरुमध्ये कतिपयले त १५ प्रतिशतभन्दा पनि बढी ब्याज असुलिरहेका छन् । लघुवित्त संस्थाहरुले लगानी गर्ने स्रोत भनेको मुख्य रुपमा बाणिज्य बैंकहरुनै हुन् । बाणिज्य बैंकहरुबाट बार्षिक १४.५ प्रतिशतसम्म ब्याजमा रकम ल्याएर लघुवित्त संस्थाले ग्राहक सदस्यहरुलाई लगानी गरिरहेको छ । झन् त्यसमाथि प्रशासनिक खर्च जोड्ने हो भने त घाटा खाएर नै ग्राहक सदस्यहरुलाई सेवा प्रदान गरिरहेको छ । त्यसैले लघुवित्त संस्थाहरुले ग्राहकहरुलाई शोषण गरिरहेका छन् भन्ने कुरा असत्य हो ।

ग्राहक सदस्यहरुले १०, २० हजार बचत गरेका हुन्छन् । तर लघुवित्त संस्थाले बिना धितो सात लाख सम्म कर्जा प्रदान गरिरहेको हुन्छ । बरु यसले शोषण होइन, शोषणबाट मुक्त पारिहेको छ । साहुमहाजनबाट लिनुपरेको भए वार्षिक ३६ प्रतिशतसम्म ब्याज तिर्नुपर्थ्यो, त्यो पनि सहजै पाउँदैनन् । लघुवित्तले त घरदैलो मै सरल तरिकाले सम्मानपूर्वक कर्जा प्रदान गरिरहेको छ, कर्जाको किस्ता पनि घरदैलोमै तिर्न सकिने व्यवस्था गरिदिएको छ । बरु वाणिज्य बैंकहरुबाट विपन्न वर्गका मानिसले सजिलै कर्जा प्राप्त गर्न सक्तैन । त्यसैले लघुवित्तले त विपन्न वर्गलाई सेवा दिएर उत्थान गरिरहेको छ ।

सफलताको कथा :

लघुवित्तको सहयोगले व्यवसायी बनें

रेखा कुमारी चौधरी, जोसीपुर-१, कैलाली

बिगत ७ वर्ष जति भयो, फरवार्ड लघुवित्तमा आबद्ध भएको । मेरो सानो किराना पसल थियो । व्यावसायिक कर्जा रु ८० हजार लिई किराना पसलको सामान थपें । अगरबत्ती पनि आफैं बनाएर बेच्छु । बजार भन्दा टाढा रहेकोले ग्यास सिलिन्डर पनि राखेकी छु । त्यस पछि रु १ लाख ५० हजार लिई बाखापालन पनि गरिरहेकी छु । अहिले घरमा १८ वटा बाखा छन् । अहिले रु १ लाख रुपैया कर्जा चलाइ रहेकी छु ।

व्यापार व्यवसायबाट गरेको आम्दानीले दुई कोठाको सानो घर बनाई त्यसैमा सिलाईको काम पनि गरिरहेकी छु । अहिले पसलमा एक जनालाई रोजगारी पनि दिएकी छु । केटाकेटी स्कुल जान्छन् । छोराछोरीको शिक्षादीक्षा ,लालनपालन, स्वस्थ्यमा पनि रामै संग ध्यान दिएकी छु । घरयासी खर्च पनि यही व्यावसायबाट चलेको छ र नियमित बचत पनि गर्ने गरेकी छु ।

मैले देखेको सपना पूरा गर्नमा फरवार्ड लघुवित्तको निकै ठूलो भूमिका रहेको छ । फरवार्ड लघुवित्तको लघुवित्त कार्याक्रमले हाम्रो परिवारलाई निकै सहयोग पुगेको छ । म अरु दिदीबहिनीहरुलाई पनि फरवार्डको लघुवित्त कार्यक्रममा आबद्ध भई उद्यमी बनेर आर्थिक प्रगति गर्न आग्रह गर्दछु ।

लघुवित्त मेरो साथी

शारदा देवी साउद, कैलाली

कैलाली जिल्लाको गोदावरी नगरपालिका वडा नं. ७ लालपुर गाउंकी म शारदा देवी साउद । आठ कक्षासम्म मात्र पढ्न पाइयो । १९ वर्षको उमेरमै विवाह भयो, दुई छोरा छन् । श्रीमान् दोस्रो विवाह गरेर बाहिर जानुभएपछि दुई छोराको पढाइ र बुढा सासु ससुरालाइ पनि हेर्नुपर्ने दायित्व ममाथि नै छ ।

बाखा पाल्दै घर व्यवहार चलाउने परम्परागत पेसाले व्यवहार थाम्न गाह्रो भयो, कोठा भाडामा सानो किराना पसल थापेर बस्न थालें । सोही क्रममा फरवार्ड माइक्रोफाइनान्सबाट आउनुभएका सरमिसले लघुवित्त कार्यक्रमका बारेमा बताउनुभएपछि म केन्द्र नं. १३१ को सदस्य बनें । पहिलो कर्जा रु. १ लाख लिएर किराना पसलमा सामान थपें । आम्दानी पनि बढ्यो । दोस्रो कर्जा १ लाख ५० हजार लिएर फेरि व्यापारमा लगाएँ, नाफा कमाएर एउटा भैंसी पनि खरीद गरें, बजारमा लगेर दुध पनि बेच्न थालें ।

तेस्रो कर्जा रु.४ लाख लिएर जग्गा खरिद गरें भने पछिल्लो किस्ता रु.पाँच लाख लिएर घर बनाएँ, अहिले नयाँ घरमा सरिसकेका छौं । जस्तोसुकै समस्या आइपरे पनि हिम्मत नहारी आफ्नो जिम्मेवारी पूरा गर्यौं भने अवश्य सफलता पाइने रहेछ भन्ने मेरो जीवनको सिकाइ रह्यो । मैले गरेको प्रगति देखेर समूहका सदस्यमात्र होइन, समाजका अरुले पनि इज्जत गर्छन् । मान्छेले कमाउने ठूलो कुरा इज्जत नै त कुरो रहेछ ।

सफलताको कथा :

लघुवित्तका सहयोगले स्वरोजगार बनें

सुस्मा थापा मगर, कञ्चनपुर

म सुस्मा थापा मगर, ३२ बर्षकी भएँ । फरवार्डको सदस्य बन्नु अघि श्रीमान् यार्शागुम्बा टिप्ने काम गर्नुहुन्थ्यो । उहाँले कमाएको पैसाले घरखर्च टार्न मुस्किल पर्थ्यो । त्यसैले मैले सानो घुम्तीमा किराना पसल खोलेकी थिएँ, जग्गा थोरै थियो र घर पनि कच्ची थियो ।

आठ वर्षअघि फरवार्ड शाखा दैजी केन्द्र नं.८० को सदस्य भएँ । सुरुमा फरवार्डवाट रु ५० हजार कर्जा लिएर सोलर पावर खरिद गरेर जडान गरें । त्यसपछि रु ८० हजार कर्जा लिएर किराना पसलमा सामान थप्ने काम गरियो ।

व्यापार बढ्दै गएपछि आत्मविश्वास पनि बढ्दो रहेछ । नियमित बचत, कर्जाको किस्ता तथा घर खर्च टार्दै फेरि रु एक लाख कर्जा लिएर किराना तथा नास्ता पसलमा लगानी गरें । जसको कारण व्यापार पनि राम्रो हुँदै गयो । त्यस पछि रु तीन लाख कर्जा लिएर व्यापारमा लगानी गरें, दुईटा व्यवसाय भएपछि हामी पतिपत्नी दुवै व्यस्त हुन थाल्यौं । अहिले यस वित्तीय संस्थाबाट व्यापारको लागि रु पाँच लाख कर्जा लिएर व्यापारमा लगानी गरेका छौं भने त्यसबाट प्राप्त आम्दानीले पक्की घर जोडेका छौं, छोराछोरीहरु उनीहरुले रोजेको विषय पढ्दै छन् । एक कट्ठा जग्गा पनि खरिद गरेकी छु । कर्जाको नियमित किस्ता तिरिरहेकी छु । लघुवित्तमा आबद्ध दिदीबहिनीहरुलाई आफूले रोजेको र आँटेको व्यवसायमा कर्जाको सही सदुपयोग गरी आम्दानी बढाउन र आफ्नो आर्थिक अवस्था मजबुत बनाउन आग्रह गर्दछु ।

पशुपालन व्यवसायी बनें

डम्मरादेवी बिष्ट, कैलाली

कैलाली जिल्लाको धनगढी उपमहानगरपालिको वार्ड नं. ६ जालीमा बिपन्न पारिवारकी सदस्य म डम्मरादेवी बिष्ट ।समस्यालाई पहिचान गरी सकारात्मक सोचका साथ अगाडि बढन सकेमा जस्तोसुकै सफलता पनि हात पार्न सकिन्छ भन्ने कुरा मलाई समयले सिकायो ।

१९ बर्षको कलिलै उमेरमा धनगढीका नरेन्द्रबहादुर विष्टसँग मेरो विवाह भयो । श्रीमान् वैदेशिक रोजगारका लागि विदेसिए पनि हाम्रो परिवारको आर्थिक अवस्थामा सुधार आउन सकेन ।

त्यही समयमा फरवार्ड शाखा कार्यालय धनगढी शाखाबाट सरहरु आउनुभएर तालिम दिनुभयो र केन्द्र नं.८० मा सदस्य बनें । शुरुमा मैले एक लाख कर्जा लिई एउटा भैंसी खरिद गरी व्यावसायिक रुपमा भैंसी पाल्न सुरु गरें । यसरी लिएको कर्जा बर्ष दिनमानै चुक्ता गर्न सकें । यसरी कर्जा लिदै तिदै जाँदा गत माघमा पुनः बाखापालनको लागी रु एक लाख ५० हजार कर्जा लिएँ । नियमित रुपमा किस्ता तिर्दै जाँदा कर्जा पनि तिरी सकियो भने बचत पनि भयो ।

अहिले घरमा १६ भन्दा बढी खसीबाखा छन् । यसमा थप स्थानीय पशुचिकित्सकको सल्लाह पनि लिनुपर्ने रहेछ । मैले व्यावसायिक रुपमा बाखा पालन गरी दैनिक जीवन गुजारा गरिरहेकी छु । छोराछोरी राम्रै स्कुलमा पढ्दै छन् । व्यवसायबाट प्राप्त आम्दानीलाई फरवार्डमै बचत गर्ने गरेकी छु ।

शाखा परिचय : चौमाला शाखा, कैलाली

फरवार्ड माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको शाखा कार्यालय चौमाला, सुदूर पश्चिमाञ्चल प्रदेशको गौरीगंगा नगरपालिका-१, कैलाली मा रहेको छ ।

यस शाखाको कार्यक्षेत्र गौरीगंगा नगरपालिका, कैलारी गाउँपालिका, धनगढी उपमहानगरपालिका तथा गोदावरी नगरपालिकासम्म यसको कार्य क्षेत्र फैलिएको छ । यस शाखाको स्थापना मिति २०७१ पुस ९ गते भएको थियो । यस शाखाका कार्यालयका प्रमुख गोमती जोरा हुनुहुन्छ । अन्य सहायक कर्मचारीहरुमा ईन्द्रराज चौधरी यसोदा कुमारी चन्द तथा कार्यालय सहयोगी विनोत कुमार चौधरी हुनुहुन्छ । कार्यालय सहयोगीका रुपमा निर्मला थारु कार्यरत हुनुहुन्छ ।

२०८० चैत मसान्तसम्म यस संस्थाले १ सय ३० केन्द्रका २ हजार २१७ सदस्यहरुसंग लघुवित्त कारोवार गदै आइरहेको छ । तीमध्ये ९ सय ५५ ऋणी सदस्यहरुलाई बिना धितो तथा धितो जमानीमा कर्जा प्रदान गरेर आत्मनिर्भर साथै उद्यमी बनाउने काम गर्दै आएको छ । यहाँ कूल सदस्यमा ऋणीको प्रतिशत ४३.०७ प्रतिशत रहेको देखिन्छ । शाखा प्रमुख गोमती जोराका अनुसार सदस्यहरुको व्यावसायिक योजना र त्यसको औचित्यका आधारमा मात्र कर्जा लगानी बढाउँदै जाने रणनीति रहेको छ । यस कार्यालयले हालसम्म रु. २९ करोड ८१ लाख ६१ हजार लगानी गरिसकेको छ ,जसमा लगानीमा बाँकी रहेको रकम रु ८ करोड ५३ लाख ५३ हजार रहेको छ ।

यस शाखामा सदस्यहरुले रु ६ करोड ३१ लाख २६ हजार बचत गरेका छन् । यो रकम उनीहरुले गरेको अनिवार्य बचत, ऐच्छिक बचत र दीर्घकालीन बचतको कुल योग हो । यस शाखामा बचत र ऋणको अनुपात ७३.९६ प्रतिशत रहको छ ।कार्यालय प्रमुख गोमती जोरा अहिलेको मौद्रिक तरलताको सङ्कटको समयमा संयमित भएर यस अनुपातलाई

बढाउँदै लैजाने दृढता व्यक्त गर्नुहुन्छ । यस शाखामा कार्यालय प्रति फिल्ड सहायक औसत सदस्य ११ सय ९ तथा ऋणी ४ सय ७८ रहेको छ । त्यसै गरी यस शाखाको प्रति फिल्ड कर्मचारी औसत कर्जा रु ४ करोड २६ लाख ७६ हजार रहेको छ ।

यस शाखाको हालको सञ्चालन स्वक्षमता १२१ दशमलब १४ प्रतिशत रहेको छ । यस शाखाअन्तर्गत-८५% केन्द्रहरुमा सदस्यहरु पोसाक लगाई केन्द्र बैठक सञ्चालन हुनु र सदस्यमा अनुशासन र इमानदारिता देखिनु सबल पक्ष हो ।

शाखा प्रमुख गोमती जोराका अनुसार सम्पूर्ण कर्मचारीहरु सामुहिक उत्तरदायित्वका साथ आ आफ्नो कार्य सम्पादन गर्नुहुन्छ । दैनिक रुपमा सदस्य वृद्धिको लागि समूह प्रवेश तालिम सञ्चालन गरिदै आएको छ । कार्यालयमा दैनिक रूपमा सदस्य लक्षित बचत, कर्जा, विप्रेषण आदि जस्ता सेवाहरु सञ्चालन गरिन्छ । कोभिडको महामारीको बेला उत्कृष्ट कार्य सम्पादन गरेवापत केन्द्रीय कार्यालयबाट यो शाखा पुरस्कृत भएको थियो । मुलुकको प्रचलित कानुनबमोजिम नेपाल राष्ट्र बैंकबाट अनुमति लिएर सञ्चालनमा आएका लघुवित्त संस्थाहरुविरुद्ध बेलाबेलामा गलत सन्देश प्रवाह गर्न खोज्नेहरुलाई उचित जबाफ दिएर अघि बढ्ने चुनौती थपिएको छ । यस चुनौतीलाई हामी स्वीकार्दै समाजमा लघुवित्त कार्यक्रमको उज्यालो छवि प्रर्दशन गर्न शाखा कार्यालय परिवारको प्रयास जारी छ ।

केन्द्र परिचय :- महालक्ष्मी महिला बचत समुह, प्रतापपुर, नवलपरासी

बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्लाको प्रतापपुर गांउपालिका वार्ड नं.९,प्रतापपूर थारुटोलका महिला दिदीबहिनी आबद्ध भई बचत समूह केन्द्रको नाम महालक्ष्मी महिला बचत समूह हो । यो केन्द्र शाखा कार्यालय बेलाटारी देखी १ कि.मि. पश्चिम प्रतापूर थारु टोलमा अवस्थित छ । शाखा कार्यालय बेलाटारी नजिक भएकोले फरवार्ड माक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडबाट बचत,कर्जा,विमा तथा रेमिटान्स कारोवार एकै ठाउँ वाट गर्न पाउदा सदस्यहरु खुसी छन् ।

केन्द्र नं.४४ महालक्ष्मी महिला बचत समूह मिति २०७० फाल्गून २१ गते ३४ सदस्य सहित केन्द्र प्रमूखमा नम्रता थनैत ,उप प्रमूख पुष्पा चौधरी मनोनित भई गठन भएको हो । यस केन्द्रमा हाल १६ जना सदस्यले कर्जा परिचालन गरेका छन् भने लगानीमा वाँकी रहेको कर्जा रु. ३९ लाख ७७ हजार रहेको छ ,त्यस्तै सदस्यहरुले जम्मा गरेको निक्षेप रु.१२ लाख ८६ हजार रहेको छ । यस केन्द्रका सदस्यहरुले औसत रु.दुई लाख ४९ हजार कर्जा परिचालन गरेका छन् । सदस्य र ऋणीको अनुपात ४७ प्रतिशत रहेको छ । त्यस्तै ऋण र बचतको अनुपात ३२ प्रतिशत रहेको छ । यसले बचतको महत्वका बारेमा सदस्यहरुको अनभिज्ञता देखिन्छ । तर वित्तीय साक्षरता सम्बन्धी अभियानपश्चात् पछिल्लो समयमा बचत बढाउन सबै सदस्यहरु प्रतिबद्ध देखिएका छन् ।

यस केन्द्र का सदस्यहरु ऋण लिएर बङ्गुर पालन, उँखु खेती, घर निर्माण व्यवसायमा संलग्न छन् । परिवारका श्रीमान् तथा अन्य सदस्यहरु बैदेशिक रोजगारमा आबद्ध छन् । विभिन्न सूचकका आधारमा यो केन्द्र तीन पटक पुरस्कृत भइसकेको छ । यस केन्द्रका केन्द्र प्रमूख तथा अन्य सम्पूर्ण सदस्यहरुको लघुवित्त कार्यक्रमप्रति निकै आकर्षण रहेको छ, ।उहाँहरु भन्नुहुन्छ "फरवार्ड माईक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था हाम्रो गाउँमा आएर हामीलाई

बचत गर्न सिकायो, समूहको शक्ति कति बलियो हुन्छ भन्ने सिकायो, कर्जा दिएर व्यवसायी बनायो र हामीलाई हाम्रो तथा साहू महाजनको चर्को व्याजबाट बचाएको छ ।"

यस केन्द्रका सदस्य दिदी बहिनीहरु केन्द्र बैठकमा पूर्ण रुपमा पोशाक लगाएर सहभागी हुने गरेका छन् । समयमा नै सबैको उपस्थिति हुने यस केन्द्रमा ससाना समस्याको बारेमा आपसमा सामुहिक छलफलबाट छिनोफानो गर्ने गरिन्छ । केन्द्रका सदस्यहरु सामाजिक उत्तरदायित्वको भावना बोकी कार्य गर्ने गरेका छन् । वित्तीय संस्थाको नियमानुसार यहाँ केन्द्रका पदाधिकारीहरु प्रमुख/उप प्रमुख, सचिव आदि परिवर्तन गर्ने गरिएको छ । साथै सम्पूर्ण सदस्यहरु नीतिनियमको पालन गर्दै गरेको पाइन्छ ।

वित्तीय संस्थाले सदस्यहरुका लागि समय अनुसारको सिपमूलक तालिम उपलब्ध गराइदिए सदस्यहरुको आर्थिक गतिविधिमा सकारात्मक परिवर्तन आउने अधिकांश सदस्यहरुको विचार रहेको छ ।

कार्यक्रम प्रगति विवरण २०७९ चैत्र मसान्तसम्म (रु.हजारमा)

सि.नं.		२०७९ पुस मसान्तसम्म	२०७९ चैत्र मसान्तसम्म
१	जिल्ला	४०	४०
२	शाखा कार्यालय	१५९	१५९
३	केन्द्र	१८,८९६	१८,९५१
४	कुल सदस्य संख्या	२,८८,२५०	२,८८,११२
५	कुल ऋणी संख्या	१,५५,५६८	१,५२,०४२
६	कुल लगानी	१२१,८२५,८०२	१२५,०४२,०२६
७	लगानीमा बाँकी रहेको कर्जा	२०,४४६,०७५	२०,४३३,३२६
८	कुल बचत	८,४३१,३१६	८,४५०,१२०